नेपाल सरकार
अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

## ठेक्का वा करार अन्तर्गतको मूल्य अभिवृद्धि कर भुक्तानी सम्बन्धी सूचना ।

"सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नु पर्नेछ" भन्ने व्यवस्था कार्यान्वयनका क्रममा यस अघि भएको परिपत्र एवं सूचना पश्चात पनि केहि द्विविधा रहन गएको बुझिन आएकोले उक्त व्यवस्था **ठेक्का संझौता वा करार अन्तर्गत** आपूर्ति हुने **वस्तु वा सेवा वा वस्तु तथा सेवा** वापतको भुक्तानीमा मात्र आकर्षित हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।